# प्रेस काउन्सिल आर्थिक प्रशासन विनियमावली, २०५७

प्रेस काउन्सिल ऐन, २०४८ को दफा १८ तथा प्रेस काउन्सिल (कार्य व्यवस्था) नियमावली, २०४९ को नियम ९(३) ले दिएको अधिकार प्रयोग गरी प्रेस काउन्सिलले श्री ५ को सरकारको स्वीकृति लिई देहायका विनियमहरू बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी विनियमहरूको नाम "प्रेस काउन्सिल आर्थिक प्रशासन विनियमावली, २०५७" रहेको छ ।

२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा, -

क) "ऐन" भन्नाले प्रेस काउन्सिल ऐन, २०४८ सम्झनु पर्दछ ।

ख) "नियमावली" भन्नाले प्रेस काउन्सिल (कार्य व्यवस्था) नियमावली, २०४९ सम्झनु पर्दछ ।

ग) "काउन्सिल" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको काउन्सिल सम्झनु पर्दछ ।

घ) "सचिवालय" भन्नाले नियमावलीको नियम ९ को उपनियम (१) बमोजिमको सचिवालय सम्झनु पर्दछ ।

ङ) "अध्यक्ष" भन्नाले प्रेस काउन्सिलको अध्यक्ष सम्झनु पर्दछ ।

च) "सदस्य" भन्नाले प्रेस काउन्सिलको सदस्य सम्झनु पर्दछ। सो शब्दले सदस्य-सचिवलाई समेत जनाउँछ ।

छ) "समिति" भन्नाले ऐनको दफा १० अनुसार गठित पत्रपत्रिका वितरण संपरीक्षण समिति सम्झनु पर्दछ ।

ज) "उप-समिति" भन्नाले प्रेस काउन्सिलको कुनै खास कामको लागि काउन्सिलको बैठकले गठन गरेको उपसमिति सम्झनु पर्दछ ।

झ) "कर्मचारी" भन्नाले काउन्सिलको सेवाको पदमा रही स्थायी वा अस्थायी रूपमा वहाल रहेको व्यक्ति सम्झनुपर्दछ ।

३. विनियमावलीको व्याख्या : यस विनियमावलीमा उल्लेख गरिएका कुराहरू काउन्सिलको कुनै अधिकारीलाई प्रयोग गर्न द्विविधा परेमा व्याख्याको निमित्त काउन्सिल समक्ष पेश गर्नुपर्नेछ र त्यसमा काउन्सिलबाट भएको व्याख्या बमोजिम गर्नुपर्नेछ ।

## परिच्छेद-२
## लेखा, लेखा परीक्षण र खाता संचालन

४. लेखा र लेखा परीक्षण : काउन्सिलले आफ्नो आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ र महालेखा परीक्षकको विभागद्वारा मान्यता प्राप्त लेखा परीक्षकबाट यस्तो आय-व्ययको वार्षिक लेखा परीक्षण गराउनु पर्नेछ ।

५. काउन्सिलको कोषको संचालन : १) काउन्सिलको नगदी जिन्सी आदिको सम्पूर्ण व्यबस्था मिलाउने कर्तव्य सदस्य-सचिवको हुनेछ ।

२) सदस्य-सचिव वा निजबाट अधिकार प्राप्त अधिकारी बाहेक अरु कसैले पनि खर्च गर्ने आदेश दिन वा खर्च गरेको रकम स्वीकृत गर्न हुँदैन ।

३)	काउन्सिललाई प्राप्त हुने सम्पूर्ण रकम नेपाल राष्ट्र बैंक/वाणिज्य बैंकमा खाता खोली जम्मा गरिने छ । यसरी खोलिएको खाताको संचालन सदस्य-सचिव र सदस्य-सचिवले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

## परिच्छेद-३
## दैनिक तथा भ्रमण भत्ता

६.	<u>पदाधिकारीहरूको दैनिक तथा भ्रमण भत्ता</u> : (१) काउन्सिलका अध्यक्ष, सदस्यहरू र काउन्सिलद्वारा गठित समिति, उप-समितिका सदस्यहरूले नेपाल अधिराज्य भित्र र विदेशमा काउन्सिलको कामको सिलसिलामा भ्रमणमा खटिंदा अनुसूची-१ बमोजिमको दैनिक तथा भ्रमण भत्ता पाउनेछन् ।

(२)	काउन्सिलका कर्मचारीले नेपाल अधिराज्यभित्र र विदेशमा काउन्सिलको कामको सिलसिलामा भ्रमणमा खटिंदा अनुसूची-२ बमोजिम दैनिक तथा भ्रमण भत्ता पाउनेछन् ।

(३)	हवाई मार्गको सुविधा भएको स्थानमा बसबाट यात्रा गर्ने काउन्सिलका पदाधिकारी वा अधिकृतस्तरका कर्मचारीले बसभाडाको दोब्बर रकम भ्रमण भत्ता वापत पाउनेछन् ।

## परिच्छेद-४
## पारिश्रमिक, बैठक भत्ता र अन्य सुविधा

७.	<u>अध्यक्षको पारिश्रमिक र सुविधा</u> : काउन्सिलको अध्यक्षले अनुसूची-३ मा उल्लेख भए बमोजिमको पारिश्रमिक तथा अन्य सुविधा प्रति मास पाउनेछन् ।

८.	<u>बैठक भत्ता</u> : (१) काउन्सिलका पदाधिकारीले प्रत्येक बैठकमा भाग लिए वापत अनुसूची ४ मा उल्लेख भए बमोजिमको बैठक भत्ता पाउनेछन् र यस्तो बैठक हुने स्थानमा रात बिताउनु पर्ने गरी बाहिरबाट आउनुपर्ने पदाधिकारीलाई प्रत्येक बैठकमा भागलिन आउँदा र फर्कंदा जम्मा दुई दिनको दैनिक तथा भ्रमण भत्ता समेत उपलब्ध गराइनेछ ।

(२)	काउन्सिलद्वारा गठित वा काउन्सिल अन्तरगत का समिति वा उप-समितिका सदस्यहरूले अनुसूची-४ मा तोकिए बमोजिमको बैठकभत्ता पाउनेछन् । र यस्तो बैठक हुने स्थानमा रात बिताउनु पर्ने गरी उपत्यका बाहिरबाट आउनु पर्ने पदाधिकारीलाई प्रत्येक बैठकमा भाग लिन आउँदा र फर्कंदा जम्मा २ दिनको दैनिक तथा भ्रमण भत्ता समेत उपलव्ध गराइने छ ।

९.	<u>टेलिफोन सुविधा</u> : (१)  काउन्सिलका पदाधिकारी र सचिवालयको प्रशासकीय प्रमुखलाई टेलिफोन सुविधा वापत न्यूनतम महसूल बराबरको रकम उपलब्ध गराइनेछ ।

१०.	<u>कर्मचारी कल्याण कोष</u> : काउन्सिलले सेवाको पदमा स्थायीरूपले कार्यरत कर्मचारीलाई औषधोपचार एवं उपदान भुक्तानी दिनको निम्ति कर्मचारी कल्याण कोषको स्थापना र संचालन गर्नेछ ।

११.	<u>अन्य सुविधा</u> : (१)  काउन्सिलमा कार्यरत कर्मचारीहरुको तलव स्केल, ग्रेड आदि श्री ५ को सरकारले निर्धारण गरे वमोजिम हुनेछ ।  यस्तो तलव ग्रेडको विवरण अनुसूची-५ मा उल्लेख गरिएको छ ।

(२)	काउन्सिलले आफ्नो क्षमता र आवश्यकता अनुसार पदाधिकारी एवं कर्मचारीलाई अतिरिक्त सुविधा वा भत्ता उपलब्ध गराउन सक्नेछ । हाल उपलब्ध गराइएको यस्तो सुविधा वा भत्ताको विवरण अनुसूची -६ मा उल्लेख गरिएको छ ।

## परिच्छेद-५
## विविध

१२. अनुसूचीमा हेरफेर : काउन्सिलले मन्त्रालयको स्वीकृति लिएर आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

१३. निर्देशिका बनाउन सक्ने : काउन्सिलले यी विनियमहरूको अधिनमा रही आवश्यक निर्देशिकाहरू बनाई लागू गर्न सक्नेछ ।

१४. प्रचलित कानून बमोजिम हुने : यस विनियमावलीमा उल्लेख भए जति कुराहरूमा यसै बमोजिम र काउन्सिलका अन्य आर्थिक प्रशासन सम्बन्धी काम कारवाहीहरू आर्थिक प्रशासन सम्बन्धी नियमहरू, २०५६ बमोजिम सम्पन्न हुनेछन् ।

१५. विनियम अनुसार भएको मानिने : ऐन लागु भएपछि यो विनियमावली स्वीकृत नभएसम्म काउन्सिलको निर्णयबाट काउन्सिलका पदाधिकारीहरु र कर्मचारीहरुलाई दिइएका तलव भत्ता र बैठक भत्ता समेतका सबै सुविधाहरु यसै विनियम अनुसार दिइएको मानिने छ ।

## अनुसूची-१
## (विनियम ६(१) सँग सम्बन्धित)

# काउन्सिलका पदाधिकारीहरूको दैनिक तथा भ्रमण भत्ता

१. देशभित्रको भ्रमणमा खटिंदा प्रति दिन रु. ३५०।- दैनिक भ्रमण भत्ता ।

२. विदेश भ्रमणमा खटिंदा अध्यक्षलाई श्री ५ को सरकारको विशिष्ट श्रेणीको कर्मचारीले पाउने बराबरको रकम र सदस्यहरूलाई श्री ५ को सरकारको प्रथम श्रेणीको कर्मचारीले पाउने बराबरको रकम ।

## अनुसूची-२
## (विनियम ६(२) सँग सम्बन्धित)

# सचिवालयका कर्मचारीहरूको दैनिक तथा भ्रमण भत्ता

१. सचिवालयका कर्मचारीहरु स्वदेशभित्र काजमा खटिंदा प्रतिदिन एक दिनको तलब बराबरको रकम दैनिक भ्रमण भत्ता ।

२. विदेश भ्रमणमा खटिंदा श्री ५ को सरकारले सो सरहका निजामति कर्मचारीलाई तोकि दिए बमोजिमको रकम ।

## अनुसूची-३
## (विनियमा ७ सँग सम्बन्धित)

# अध्यक्षको पँरिश्रमिक तथा अन्य सुविधा

१. श्री ५ को सरकारको विशिष्ट श्रेणीको कर्मचारीले पाउने शुरु स्केल बराबरको रकम मासिक पारिश्रमिक ।

२. इन्धन भत्ता (कार्यालयको सवारी साधन प्रयोग नगरेको भएमा) मासिक रु. ४०००।- (रु. चारहजार) ।

## अनुसूची-४
## (विनियम ८ सँग सम्बन्धित)

काउन्सिल तथा सो अन्तर्गत गठित समिति वा उपसमिति पदाधिकारीहरूको बैठक भत्ता

१. काउन्सिलको बैठक वापत प्रति बैठक रु. ५००।- (रु. पाँचसय) ।

२. समिति वा उप-समिति बैठक वापत प्रति बैठक रु. ३००।- (रु. तीनसय) ।

## अनुसूची-५
## विनियम ११- (१) संग सम्वन्धित

काउन्सिलका कर्मचारीहरुको तलव स्केल तथा ग्रेडको विवरण:

| सि.नं. | तह | तलव | ग्रेड | कैफियत |
|---|---|---|---|---|
| क) | दशौं तह | ६१६०।- | २०६।- | रा.प. प्रथम श्रेणीको निजामती कर्मचारीले पाउने बराबर |
| ख) | नवौं तह | ५२००।- | १७४।- | रा.प. द्वितीय श्रेणीको प्राविधिक कर्मचारीले पाउने बराबर |
| ग) | आठौं तह | ५०००।- | १६७।- | रा.प. द्वितीय श्रेणीको प्रशासनको कर्मचारीले पाउने बराबर |
| घ) | सातौं तह | ४२००।- | १४०।- | रा.प. तृतीय श्रेणीको प्राविधिक कर्मचारीले पाउने बराबर |

| | | | | |
|---|---|---|---|---|
| ङ) | छैटौं तह | ४०००।- | १३४।- | रा.प. तृतीय श्रेणीको प्रशासनको कर्मचारीले पाउने बराबर |
| च) | पाचौं तह | २८७५।- | ९६।- | रा.प.अ.प्र. श्रेणीको प्रशासनको कर्मचारीले पाउने बराबर |
| छ) | चौथो तह | २५००।- | ८४।- | रा.प.अ.द्वितीय. श्रेणीको प्रशासनको कर्मचारीले पाउने बराबर |
| ज) | तृतीय तह | २२७५।- | ७६।- | तृतीय तहको पियन वा सो सरहको कर्मचारीले पाउने बराबर |
| झ) | दोस्रो तह | २१३०।- | ७१।- | द्वितीय तहको पियन वा सो सरहको कर्मचारीले पाउने बराबर |
| ञ) | प्रथम तह | २०००।- | ६७।- | प्रथम तहको पियन वा सो सरहको कर्मचारीले पाउने बराबर |

## अनुसूची-६
## विनियम ११- (२) संग सम्वन्धित

काउन्सिलका पदाधिकारी तथा कर्मचारीहरुको भत्ता तथा अतिरिक्त सुविधा:

१. सदस्य- सचिवलाई कार्य सञ्चालन भत्ता मासिक रु २५००।- (दुईहजार पाँचसय)

२. काउन्सिलका प्रत्येक कर्मचारीलाई शैक्षिक भत्ता वापत मासिक रु. ३००।- (रु तीनसय)

**३.** काउन्सिलका प्रत्येक कर्मचारीलाई आजाभत्ता वापत मासिक रु ३००।- (रु तीनसय)

४. सचिवालयका श्रेणी विहिन कर्मचारीहरु प्रत्येकलाई लुगाभत्ता वार्षिक रु २५००।- (दुई हजार पाँचसय) ।

५. लेखा भत्ता लेखा अधिकृतलाई मासिक रु १५०।- (एकसय पचास) र लेखापाललाई मासिक रु १२५।- (एकसय पच्चिस)

६. भण्डारपाललाई मासिक भत्ता रु १००।- (रु एकसय)

७. कम्प्यूटर अपरेटरलाई मासिक भत्ता रु १२५।- (रु एकसय पच्चिस)

८. टाइपिष्टलाई टाइपिष्ट भत्ता रु १००।- (रु एकसय)